annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक ३६ पृष्ठ ८ | काठमाडौं, बिहीबार २२ जेठ २०८२ | जेष्ठ शुक्लपक्ष नवमी नेपाल संवत् ११४५ | THURSDAY, JUNE 5, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# बैंकिङ प्रणालीमा कसिँदै घरजग्गा कारोबार, कस्तो पर्ला प्रभाव ?

- घरजग्गा खरिद बिक्री अब बैंकिङ प्रणालीमार्फत
- १० लाखदेखि माथिको कारोबार बैंकिङ प्रणालीमार्फत
- तीन करोडभन्दा बढी कारोबारको वित्तीय विवरण राष्ट्र बैंकमा पठाउनुपर्ने

मुलुक फाइनान्सियल एक्सन टार्क्स फोर्स (एफएटीएफ) को ग्रे लिष्टमा परेको छ। उक्त सूचीबाट बाहिर निकाल्न दुई वर्षको समय पाएको छ। त्यसैकारण घरजग्गा कारोबारमा कालोधन रोक्न भन्दै सरकारले बैंकिङ प्रणालीलाई अनिवार्य गरेको छ। तर, सरकारको यो निर्णयले तङ्ग्रिन लागेको घरजग्गा कारोबार फेरि थला पर्ने र मुलुककै अर्थतन्त्रमा नराम्रो असर त गर्ने होइन भन्ने आशंका पनि थपिएका छन्।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले / ममता थापा | *काठमाडौं*
- को रिपोर्ट

ललितपुरको गोदामचौर नजिकै कोटडाँडा जाने बाटोमा पाखा खारेर गरिएको प्लटिङ। ● अन्नपूर्ण फाइल

## दक्षिण कोरियाका नयाँ राष्ट्रपति ली जे–म्युङद्वारा देशलाई 'एकताबद्ध' गर्ने वाचा

**दक्षिण कोरिया** (एजेन्सी) : दक्षिण कोरियाली राष्ट्रपति पदमा विजयी भएको केही घन्टापछि ली जे-म्युङले बुधबार आफ्नो उद्घाटन भाषणमा 'जनतालाई एकताबद्ध' गर्ने वाचा गरेका छन्। राष्ट्रपति निर्वाचनमा उदारवादी विपक्षी नेता म्युङले जित हासिल गरेका हुन्।

६१ वर्षीय नेताले ४९.४ प्रतिशतले चुनाव जिते। उनका प्रतिद्वन्द्वी किम मुन-सूले आफ्नो हार स्विकार गरिसकेका थिए। उनी महाभियोग लगाइएका राष्ट्रपति युन सुक येओलको पार्टीबाट उम्मेदवार भएका थिए। येओलले अचानक मार्सल ल लगाउने प्रयास गरेपछि महिनौंसम्म राजनीतिक अराजकता निम्तियो, जसको परिणाम स्वरूप उनमाथि महाभियोग लाग्यो। यही घटनाले देशमा ठूलो उलटपुलट भएपछि निर्वाचन भएको हो। उनलाई पछि पदबाट हटाइएको थियो। राष्ट्रपति लीले अब अमेरिकी राष्ट्रपति ट्रम्पको अप्रत्याशित कूटनीतिअन्तर्गत देशलाई एकताबद्ध गर्ने मात्र नभई यसको सबैभन्दा महत्वपूर्ण सहयोगी अमेरिकासँगको सम्बन्ध सन्तुलन गर्ने चुनौतीपूर्ण कामको सामना गर्नुपरेको छ।

## गोरखामा जिसस सदस्यद्वारा महिलामाथि कुटपिट



प्रदेश अस्पताल गोरखामा उपचाररत कल्पना धिताल। ● शिव उप्रेती

**शिव उप्रेती** | *गोरखा*

गोरखाकी एक जिल्ला समन्वय समिति गोरखाकी सदस्यका दम्पतीले ज्याला मजदुरी गरी खाने महिलामाथि कुटपिट गरेकी छन्। अजिरकोट गाउँपालिका ५ बाट जिसस सदस्यमा निर्वाचित इन्दिरा देवकोटा र उनका श्रीमान् निवृत्त शिक्षक रामचन्द्र देवकोटाले सोही ठाउँकी ३५ वर्षीया कल्पना धिताललाई लछारपछार पार्दै कुटपिट गरेका हुन्।

पीडित धितालको भच्चेक स्वास्थ्य चौकीमा सामान्य उपचार र गोरखा अस्पतालमा थप उपचार गरी बुधबार घर फर्किएकी छिन्। काम गरेको ज्याला माग्न जाँदा देवकोटा दम्पतीले आफूमाथि कुटपिट र लछारपछार गरेको पीडित महिलाको दुखेसो छ। 'उनीहरू नाताले मेरो जेठाजु जेठानी हुन्। केही दिनअघि घरपछाडिको करेसा सफा गर्न लगाएका थिए', धितालले भनिन्, 'काम गरेको ज्याला माग्न जाँदा कपालमा समातेर लछारपछार पारे। कुटपिट पनि गरे।' देवकोटा दम्पतीले यसअघि पनि बारम्बार आफूमाथि यस्तो दुर्व्यवहार गर्ने गरेको उनले बताइन्।

इन्दिरा देवकोटा नेकपा माओवादीको तर्फबाट निर्वाचित जिसस सदस्य हुन्। उनका श्रीमान् रामचन्द्र देवकोटा अजिरकोट २ स्थित स्यार्तान आधारभूत विद्यालयबाट निवृत्त भएका शिक्षक हुन्।

देवकोटाले जनप्रतिनिधि भएकै हैसियतले आफूहरूलाई धम्क्याउने र तर्साउने गरेको पीडित कल्पनाकी १३ वर्षकी छोरी आयुषा धितालले बताइन्।

» बाँकी पृष्ठ ६

## राजावादीको बैठकमा नाराबाजी, मन्तव्य नराखी फर्किए कमल थापा

**काठमाडौं** (अन्नपूर्ण) : राजसंस्था र हिन्दू राज्य पुनर्स्थापनाको माग गर्दै आन्दोलनरत संयुक्त जनआन्दोलन परिचालन समितिको समीक्षा बैठक भाँडिएको छ। बुधबार काठमाडौंको एक पार्टी प्यालेसमा बोलाइएको समीक्षा तथा आन्दोलनको नयाँ रूपरेको खाका तय गर्ने भनिएको बैठकमा युवाहरूले हो-हल्ला गरेपछि भाँडिएको हो।

बैठकमा संयुक्त जनआन्दोलन परिचालन समितिका संयोजक नवराज सुवेदी, राप्रपा नेपालका अध्यक्ष कमल थापालगायत उपस्थित थिए। तर, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन अनुपस्थित रहेपछि बैठकमा सहभागी भएका केहिले आपत्ति जनाउँदै नाराबाजी गरेका थिए।

बैठककै बीच राप्रपा नेपालका अध्यक्ष थापाले मन्तव्य राख्न खोज्दा निरन्तर नाराबाजी तथा होहल्ला भएपछि थापा मन्तव्य नराखी फर्किएका थिए। त्यसपछि संयोजक सुवेदीले पहिलो चरणको आन्दोलनबाट आफू उत्साहित भएको भन्दै छिट्टै दोस्रो चरणको आन्दोलन ल्याउने प्रतिबद्धता जनाए।

## नेपाल वनस्पति घ्यू तेल उत्पादक संघ

### प्रेश-विज्ञप्ति

हालैका दिनहरुमा पाम तथा पामोलिन तेलसँग सम्वन्धित विभिन्न राष्ट्रिय दैनिक पत्र पत्रिकाहरुमा प्रकाशीत Re Export र टेलिभिजनमा प्रशारीत राजश्व सम्बन्धि समाचारका कारण सदस्य उद्योगहरुको व्यवसायिक हक, अधिकार तथा व्यवसायिकता माथि दिर्घकालिन रुपमा गम्भिर असर पर्ने भएकोले त्यस्तो प्रकारको भ्रामक समाचार राखी आम सर्वसाधारण, उपभोक्ताहरुमा भ्रम सिर्जना भएको प्रति यस संघको गम्भिर ध्यानकर्षण भएको छ।

यस नेपाल वनस्पति घ्यू तेल उत्पादक संघका सदस्य उद्योगहरुले विगत १७/१८ वर्ष अघि देखी नै Palm Oil Fractionation वाट Fractionation शुरु गरेका थिए। नविनतम अन्तर्राष्ट्रिय प्रविधीमा आधारीत रहेर अन्तर्राष्ट्रिय स्तरको Palm Fractionation Plant वाट Fractionation गरी प्रशोधित पामोलिन तेल उत्पादन गरी आएका छन। हाल सम्म नेपालमा यस किसीमका २७ वटा उद्योगहरु संचालनमा रही करिव रु ५५ अर्व भन्दा वढी पुँजी यस क्षेत्रमा लगानी भै सकेको छ। विश्वव्यापी रुपमा नै प्रशोधन गर्ने उद्योगलाई उत्पादनमुलक उद्योगको रुपमा मान्यता प्रदान गरे अनुरुप नेपालको कानुनले समेत प्रशोधन गर्ने उद्योगलाई उत्पादनमुलक उद्योगको रुपमा वर्गीकरण गरेको सर्वविदितै छ। क्रुड पाम आयल र क्रुड पामोलिनको आयातमा भन्सार दरवन्दीको हार्मोनिक कोड १५११.१०.०० हो भने प्रशोधित पाम तेल र प्रशोधित पामोलिन तेलको भन्सार दरवन्दी हार्मोनिक कोड १५११.९०.१० हो। यस अर्थमा प्रशोधित तेल र तेलको कच्चा पदार्थ अर्थात कुड पाम आयल तथा कुड पामोलिन अलग अलग वस्तु रहे भएको प्रष्ट हुन्छ।

उद्योगहरुले आयात गर्ने औद्योगिक कच्चा पदार्थको रुपमा रहेको क्रुड पाम आयल र क्रुड पामोलिनको विदेशवाट आयात गर्दा LC खोल्नु अघि "खाद्य प्रविधी तथा गुण नियन्त्रण विभाग" वाट अनिवार्य अनुमति लिई सोहि अनुसारको सोही परिमाणमा कच्चा पदार्थहरु Tanker वाट ढुवानी भई नेपाल आईपुग्दछ। यसरी आयात गरीएको कच्चा पदार्थ खाद्य प्रविधी तथा गुण नियन्त्रण कार्यालयले सम्वन्धित भन्सार नाकामा नमुना संकलन गरी उक्त नमुनालाई आवश्यक परिक्षण गरे पश्चात मात्र भन्सार जाँचपास हुने गरेको छ। के कति कच्चा पदार्थवाट कति परिमाणमा प्रशोधित तेल उत्पादन हुन्छ भन्ने कुराको मापदण्ड उद्योग विभागले तोके वमोजिम हुने निश्चित छ। आयातीत औद्योगिक कच्चा पदार्थवाट उत्पादीत अर्थात प्रशोधित तेल विभागले तोकेको मापदण्ड अनुसार नै उत्पादनको जाँचपास गराएर मात्र विक्री वितरण गर्नुपर्ने वाध्यकारी छ। यस अवस्थामा प्रशोधन गर्ने उद्योगले प्रशोधित तेल आयात गरी पुन: निर्यात गर्नु कतैव: सम्भव छैन।

यसरी नेपालमा स्थापित सदस्य उद्योगहरुले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा करीव १५,००० को रोजगारी सृजना गर्नुका साथै अरवौं रुपैयाको विदेशी मुद्रा आर्जन गरी आएका छन भने ठुलो रकम विद्युत महशुल वापत भुक्तानी गरेका छन। रिफाईनरी उद्योगको कारण प्याकेजिङ्ग उद्योग संचालनमा समेत टेवा पुगेको छ। सदस्य उद्योगहरुले उद्योग संचालनका लागी आवश्यक पर्ने विभिन्न सहायक कच्चा पदार्थहरु, धानको भुस समेत उर्जा (Fuel) को रुपमा उपभोग गरीआएको तथ्य कसैवाट छुपेको छैन। यसका साथै SAFTA अन्तर्गत भारत निकाशीमा यि उद्योगहरुले SAFTA ले तोकिदिएको Value Addition Norms अनुसार कम्तिमा २० प्रतिशत भन्दा वढिको Value Addition गरी आफनो उत्पादन निकाशी गरेका कारण राष्ट्रिय कुल निर्यातको ४८ प्रतिशत भन्दा वढि निकाशी गर्न सक्षम रहेको ईतिहास सवैले जानकारीमा राख्ने विषय हो। यसरी सदस्य उद्योगहरुले अमुल्य विदेशी मुद्राको आर्जन गरी नेपालको व्यापार घाटा कम गर्न तथा Balance या Trade मा अतुलनिय योगदान पुरयाईरहेको यथार्थलाई ओझेलमा पारी पामोलिन तेल र पाम आयल Re Export गरेको भनी लगाईको आरोप, तथ्यहिन, असत्य, भ्रामक र आधारहिन समेत रहे भएको ठहर यस संधको रहेको छ। तसर्थ सत्य तथ्य यकिन नगरी, वास्तविकतालाई गुमराहमा राखी भ्रमपुर्ण समाचार, सामग्री प्रकाशन प्रसारण नगर्नु नगराउनु हुन सम्बन्धित सम्पुर्ण सरोकारवालाहरुमा हार्दिक अपिल गर्दछौं।

# २० वर्षअघि हत्या, १२ वर्षपछि न्याय

## पूर्वसभामुख सापकोटा र सांसद दोङमाथि अनुसन्धान गर्ने बाटो खुल्यो

**दिनेश गौतम** | *काठमाडौं*

छत्रेबाँझ गाविस–५, दाप्चा, काभ्रेका अर्जुन लामाको अपहरण गरी हत्या भएको दुई दशक नाघ्यो। श्रीमान्को हत्यारामाथि अनुसन्धान गर्न माग गर्दै पूर्णिमाया जिल्ला प्रहरी कार्यालय धाइन्। प्रहरीले उजुरी दर्ता गर्न आनाकानी गरेपछि न्याय खोज्दै सर्वोच्च अदालतको दैलोमा पुगिन्।

सर्वोच्चले उजुरी दर्ता गर्न आदेश त दियो तर, प्रहरी अनुसन्धान अघि बढेन। हत्या अभियोगमा किटानी जाहेरी परेका र प्रहरी अभिलेखमा फरार देखिएका अग्नि सापकोटा विरुद्धको मुद्दालाई तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईको सरकारले २०६९ साउन ११ गते तामेलीमा राख्ने निर्णय गर्‍यो। मन्त्रिपरिषद्को निर्णयविरुद्ध पूर्णिमायाले २०६९ मंसिर ७ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिन्। यही मुद्दामा अन्ततः सर्वोच्च अदालतले लामाको हत्या अनुसन्धान अघि बढाउने बाटो बुधबार खोलिदिएको छ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतसहित न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, डा. मनोजकुमार शर्मा र डा. कुमार चुडालको संवैधानिक इजलासले पूर्वसभामुख एवं नेकपा माओवादी केन्द्रका उपाध्यक्ष अग्नि सापकोटाविरुद्धको रिटमा उत्प्रेषणको आदेश जारी गरेको छ। २०६९ मंसिर ७ गते दायर रिट निवेदन दिएको झन्डै १२ वर्षपछि न्यायको अनुभूति गरेको पीडित पूर्णिमायाले बताइन्।





पूर्वसभामुख अग्नि सापकोटा र अपहरणपछि हत्या गरिएका अर्जुन लामा।

### अपहरण पछिको हत्या

२०६२ वैशाख १६ गते काभ्रेका अर्जुन लामालाई तत्कालीन विद्रोही नेकपा माओवादीको समूहले अपहरण गरेको थियो। लामा अर्जुन काभ्रे छत्रेबाँझमा रहेको श्रीकृष्ण माविको व्यवस्थापन समितिको अध्यक्ष थिए। समितिको अध्यक्षमा निर्वाचित भएकै दिन विद्यालयबाट अपहरण गरिएको थियो। अपहरण भएको दुई महिनापछि लामाको शव काभ्रेकै साविक बुढाखानी गाविसको चारकिल्ला भन्ने ठाउँमा गाडेको अवस्थामा फेला परेको थियो।

श्रीमान्को हत्यापछि पूर्णिमायाले २०६५ साउन २६ गते माओवादीका उपाध्यक्ष सापकोटा, माओवादीका सांसद सूर्यमान दोङलगायत ६ जनाविरुद्ध काभ्रे जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दर्ता गरेकी थिइन्। सुरुमा जाहेरी दर्ता नगरेको प्रहरीले सर्वोच्चको आदेशपछि मात्र दर्ता गरेको थियो।

त्यसपछि सापकोटा लगायतका आरोपीविरुद्ध पक्राउ पुर्जीसमेत जारी भएको थियो। यो घटनाका बेला सापकोटा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को पोलिटब्युरो सदस्य थिए।२०६९ साउन १२ गते तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई नेतृत्वको सरकारले सापकोटाविरुद्धको जाहेरी दरखास्त 'तामेली'मा राख्ने निर्णय गरेको थियो। मन्त्रिपरिषद्ले गरेको 'तामेली'मा राख्ने निर्णयविरुद्ध पूर्णिमायाले सर्वोच्चमा २०६९ मंसिर ७ मा रिट निवेदन दायर गरेकी थिइन्।

» बाँकी पृष्ठ ६